# १२ संसारको अन्त्यमा येशूको बारेमा शहरहरुमा प्रचारप्रसार

*यस अध्यायका मूल पदहरू:* प्रेरित १८:१-२८, प्रस्थान २:२३-२५, मत्ती १३:३-९, १८-२३, यूहन्ना १५:१२,१३ र २ पत्रुस ३:९।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:* **"मैले तिमीलाई पठाएको सहरको सफलताको निम्ति काम गर। त्यस सहरको निम्ति प्रार्थना गर। यदि त्यस सहर सम्पन्न भयो भने तिमीहरूले त्यसमा रमाइलो मानेर बस्न सक्नेछौ।" (यर्मिया २९:७ रूपान्तरित)।**

प्रकाश १४:६मा उल्लेखित तिन स्वर्गदूतहरूको सन्देशले संसारमा भएको प्रत्येक देश, जाति, भाषा र मानिसहरूलाई सुसमाचार सुनाउन आह्वान गरिएको छ। त्यसकारण जहाँ जहाँ मानिसहरू रहन्छन् वा बसोबास गर्दछन् तिनीहरूकहाँ सन्देश पुऱ्याउन आवश्यक छ। अहिले धेरै मानिसहरू सहरहरूमा बस्ने भएकोले ती ठाउँहरूमा हामी जान आवश्यक छ।

**त्यसैलाई मध्यनजरमाराखेर सन् २००७मा सहरहरूमा सुसमाचार सुनाउने लक्ष्य तिब्रगतिले अघि बढेको थियो। त्यसै वखत इतिहासमा सबभन्दा पहिलो पल्ट विश्वको बहुसंख्यक जनसंख्या सहरी क्षेत्रहरूमा बस्दछन् भनेर राष्ट्रसंघले घोषणा गरेको थियो। आज सुसमाचार प्रचार गर्ने क्रममा सेभेन्थ-डे एडभेन्टिस्टचर्च शहरलाई मूख्य केन्द्रविन्दु बनाएर अघि बढिरहेको छ।**

धेरै जसो देशहरूमा एडभेन्टिस्टले साना साना शहर, गाउँ र खेतीपातीहरू धेरै भएको ठाउँमा धेरै प्रचारप्रसार गरिएको पाइएको छ। खोजअनुसुन्धानबाट यो पत्ता लगाइएको छ कि ठूला ठूला शहरहरूमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको अस्तित्वको बारेमा त्यहाँका मानिसहरूले कहिलै पनि सुनेका थिएनन्। त्यसकारण तिनीहरूलाई तिन स्वर्गदूतका सन्देशहरूको बारेमा केही पनि थाहा थिएन।

यो स्पष्ट छ कि, यदि संसारका मानिसहरूमा हामी पुग्नु छ भने हामीहरू सहरमा पस्नु हामीलाई जरुरी भएको छ।

## १ सहरका रहनसहन र स्वभावहरू (प्रेरित १८:१-२८)

**सहरले विभिन्न संस्कार र संस्कृतिका मानिसहरू, भोगोलिक जात जातिहरू, भाषाभाषीहरू र धर्महरूलाई जम्मा गर्दछन्। बिगत समयमा सहरमै बिभिन्न जात वा समूहका मानिसहरू आआफ्नै क्षेत्रहरू ओगटेर बसेका हुन्थे। तर आज सहरमा विभिन्न जातजातिका मानिसहरू घुलमिल भएर बसिरहेको पाइन्छ। आफ्नो अर्को घरको छिमेकी आफ्नै जातको, भाषाको, धर्मको वा संस्कारको हुनुपर्छ भन्ने छैन। कहिलेकाहीँ त्यसरी एकै टोलमा विभिन्न जाति र धर्महरू मिलेर बस्दा समस्याहरू पनि उब्जेको पाइन्छ। तर त्यहाँ सुसमाचार प्रचार गर्ने ठूलो अवसर पनि प्राप्त हुनसक्छ। सहरका मानिसहरूका दिमागहरू खुला हुन्छन् र नयाँ बिचारहरूतिर ध्यान दिन पनि उत्सुक हुन्छन्। सहरबाट बाहिर गाउँघरहरूमा बस्नेहरूभन्दा सहरमा बस्ने मानिसहरूले नयाँ धर्मको बारेमा जान्न चाहेको हुन्छ। सेभेन्थ-डे एडभेन्टिस्टको सन्देशको नजिक आउन सहरका धेरै मानिसहरू ठूलो अवसर पाउन सक्छ।**

प्रेरित पावलले सहरमा कसरी चर्चको सुरुवात गरे र त्यसबाट हामीले पनि के सिक्नसक्छौं भनेर प्रेरित १८बाट के सिक्छौं? हेर्नुहोस्ः "१ हामी सकुशल किनार लागेपछि त्यस टापूको नाउँ माल्टा रहेछ भन्ने हामीलाई थाहा भयो। २ त्यहाँका बासिन्दाहरूले हामीलाई अपूर्व दया देखाए। पानी परेर जाडो भएको कारणले तिनीहरूले आगो बालिदिए, र हामी सबैलाई स्वागत गरे। ३ पावलले एक बिटा दाउरा जम्मा गरेका थिए र सो ल्याएर आगोमा हाले। आगोको तापले एउटा सर्प निस्केर आयो, र तिनको हातमा बेह्रियो। ४ त्यहाँका बासिन्दाहरूले तिनको हातमा सर्प बेह्रिएको देखेर आपसमा भन्न लागे, "यो मानिस पक्का पनि ज्यानमारा नै हुनुपर्छ। यो समुद्रबाट बाँचेर त निस्क्यो तर इन्साफबाट यो उम्कन सकेन।" ५ तर पावलले चाहिँ त्यस सर्पलाई आगोमा झट्कारिदिए, र तिनको केही बिगार हुन पाएन। ६ तर तिनको शरीर सुनिनेछ, अथवा तिनी एक्कासि ढलेर मर्नेछन् भनी तिनीहरूले प्रतीक्षा गर्न लागे। तर धेरै बेरसम्म प्रतीक्षा गरिरहँदा पनि तिनको केही बिगार नभएको देखेर तिनीहरूले आफ्नो विचार बद्लेर भन्न लागे, "यिनी त देवता पो रहेछन्।" ७ त्यस टापूका पब्लियस नाउँ भएका मुखियाको जग्गाजमिन त्यस ठाउँको छेउछाउमा थियो। उनले हामीलाई स्वागत गरे, र तीन दिनसम्म उनको घरमा हाम्रो अतिथिसेवा गरे। ८ पब्लियसका बुबा जरो र आउँको रोगले बिरामी थिए। पावल तिनलाई हेर्न गए, र तिनको लागि प्रार्थना गरे, र आफ्नो हात

तिनीमाथि राखी तिनलाई निको पारे। ९ यो घटना भएपछि, त्यस टापूका अरू रोगी मानिसहरू पनि आए, र निको पारिए। १० तिनीहरूले धेरै प्रकारले हाम्रो आदर गरे। जब हामी जहाजमा चढ्यौं, तिनीहरूले हामीलाई चाहिए जति सामानहरू जहाजमा हालिदिए। ११ तीन महिनापछि, हामी अलेक्जेन्ड्रियाको जहाजमा चढ्यौं। यो जहाज हिउँदमा यसै टापूमा थियो। जहाजको अगिल्लो भागमा जुम्ल्याहा देवको प्रतिमा कपेको थियो १२ सुराकुसाईमा पुगेर हामी त्यहाँ तीन दिन बस्यौं। १३ त्यहाँबाट हामी किनार-किनारै रेगियनमा आइपुग्यौं। एक दिनपछि दक्षिणी बतास चल्यो, र भोलिपल्ट हामी पटिओलीमा आइपुग्यौं। १४ त्यहाँ हामीले भाइहरूलाई भेट्यौं, र उनीहरूले हामीलाई सात दिनसम्म उनीहरूका साथमा रहनलाई बिन्ती गरे। यसरी हामी रोममा आइपुग्यौं। १५ त्यहाँबाट हाम्रो आगमनको खबर सुनेर भाइहरू हामीलाई भेट्न अप्पियसको बजार र तीन-पाटी भन्ने ठाउँमा आएका थिए। यिनीहरूलाई देखेर पावलले परमेश्वरमा धन्यवाद चढ़ाए, र साहस पाए।

१६ जब हामी रोममा पस्यौं, तब पावललाई एक जना सिपाहीको रेखदेखमा एकलै बस्ने अनुमति मिल्यो। १७ तीन दिनपछि पावलले यहूदीहरूका स्थानीय अगुवाहरूलाई बोलाइपठाए। उनीहरू जम्मा भएपछि तिनले उनीहरूलाई भने, "भाइ हो, मैले त आफ्नो देशका मानिसहरू, अथवा पिता-पुर्खाका रीतिथितिका विरुद्धमा केही काम गरेको थिइनँ। तापनि बन्दी भई यरूशलेमदेखि रोमीहरूका हातमा मलाई सुम्पेको छ। १८ उनीहरूले छानबिन गरेपछि ममा मृत्युदण्डको कुनै कारण नभेट्टाउँदा मलाई छोडिदिने मन गरेका थिए। १९ तर यहूदीहरूले विरोध गरेका हुनाले कैसरकहाँ अपिल गर्न मलाई करै लाग्यो, मेरो जातिको विरुद्धमा कुनै अभियोग ल्याउने कुरा थिएन। २० यसैकारणले मैले तपाईंहरूसँग भेटेर बातचित गर्न तपाईंहरूलाई बोलाएको हुँ। किनभने इस्राएलको आशा जो हो त्यसको निम्ति यस साङ्लामा म बाँधिएको छु।" २१ उनीहरूले तिनलाई भने, "हामीले त तपाईंको विषयमा यहूदियाबाट केही चिट्ठी पाएका छैनौं। कोही भाइहरूले आएर तपाईंको विरुद्धमा कुनै नराम्रो कुरा पनि सुनाएका वा बोलेका छैनन्। २२ तर तपाईंको विचार के हो, सो तपाईंबाट सुन्न चाहन्छौं। किनकि यस दलको विषयमा हामीलाई यति मात्र थाहा छ, कि जताततै मानिसहरू यसको विरुद्धमा मात्रै बोल्दछन्।" २३ तब उनीहरूले तिनको निम्ति एउटा दिन तोकिदिए, र धेरै संख्यामा मानिसहरू तिनको डेरामा आए। तिनले उनीहरूलाई बिहानदेखि

साँझसम्मै व्याख्यान दिए, र मोशाको व्यवस्था र अगमवक्ताहरूका पुस्तकबाट परमेश्वरका राज्यको गवाही दिए, अनि येशूको विषयमा उनीहरूलाई विश्वास दिलाउने चेष्टा गरे। २४ तिनले भनेका कुरा कतिले विश्वास गरे, कतिले गरेनन्। २५ उनीहरू आपसमा असहमत भए, र बिदा हुन लाग्दा पावलले यो अन्तिम वक्तव्य दिए, "तिमीहरूका पिता-पुर्खालाई यशैया अगमवक्ताद्वारा पवित्र आत्माले भन्नुभएको वचन ठीकै थियो, २६ "यी मानिसहरूकहाँ गएर भन्, "सुन्न त तिमीहरू सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, हेर्न त हेर्छौ, तर कहिल्यै देख्दैनौ।" २७ किनभने यी मानिसहरूको हृदय बोधो भएको छ, र तिनीहरूका कान बहिरा भएका छन्, र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्, नत्रता तिनीहरूले आँखाले देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए, र फर्कनेथिए, र म तिनीहरूलाई निको पार्नेथिएँ।" २८ "यसकारण तिमीहरूलाई थाहा होस्, कि परमेश्वरको यो मुक्ति अन्यजातिहरूका निम्ति पठाइएको छ, र तिनीहरूले सुन्नेछन्।" २९ अनि तिनले यी वचन भनेपछि, यहूदीहरू आपसमा धेरै वाद-विवाद गर्दै बिदा भए। ३० पावल पूरा दुई वर्षसम्म आफ्नै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरू सबैलाई तिनले स्वागत गरे। ३१ तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।"

**जुन सहरका व्यस्त ठाउँहरूमा पावल रहन पुगेका थिए ती ठाउँहरूमा धेरै भाषाभाषीहरू, संस्कार तथा संस्कृतिहरू, भौगोलिक र जातजातिहरू थिए। अहिलेको सहरको चरित्र पनि त्यस्तै रहेको पाइएको छ। पावलले यस्ता केही मानिसहरूको सम्पर्कमा आए जोसँग मिल्न आफू सजिलो भएको भेट्टाएका थिए। तिनीहरूमा यहूदीहरू, रोमी नागरिकहरू र आफू जस्तै पाल बनाउने सीपमा निपुण भएका मानिसहरू थिए। पावल पाल बनाएर आत्मनिर्भर भएका थिए। एक दम्पतिको घरमा उनी बसे जो पछि गएर येशूलाई विश्वास गर्न पुगे र तिनीहरू सुसमाचार प्रचारक पनि भए। जब सम्म यहूदी सभाघरहरूबाट उनलाई निकालिएन तब सम्म यहूदी धर्मस्थलहरूमा गएर सिकाए। त्यसपछि उनले विश्वासीको घरमा घरेलु चर्च सुरू गरे। उनले प्रसस्तमात्रामा नयाँ विश्वासीहरूलाई तालिम र शिक्षादीक्षा दिए जसले गर्दा सुसमाचारको काममा उनी अघि बढ्नुपर्दा चर्चमा अगुवाई गर्न सक्ने दक्ष जनशक्तिहरूको उनले उत्पादन गरे।**

सहरमा विभिन्न थरिका मानिसहरू भएतापनि तिनीहरूकै परिप्रेक्ष्यमा पावलले सुसमाचार प्रचार गरेका थिए। ती मानिसहरूलाई उनले बुझेका थिए। आफू रहेको वातावरण र समाजमा आफू कसरी घुलमिल हुनुपर्छ भन्ने कला उनलाई थाहा थियो। जुन समूहकहाँ उनी गएर सुसमाचार प्रचार गर्थे त्यस समूहका मानिसहरूको आवश्यकतालाई ध्यान दिएर त्यसै अनुसार उनले सत्यलाई प्रस्तुत गर्थे। (१ कोरन्थि ९:१९-२६मा व्यक्त गरेका पावलका मर्महरू प्रत्येक येशूभक्तले जान्नु जरुरी छ। हेर्नुहोस्: "१९ किनभने म मानिसहरूबाट स्वतन्त्र भए तापनि अझ धेरैलाई जित्न सकूँ भनेर मैले आफैलाई सबैको दास तुल्याएँ। २० यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितुँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ। २१ व्यवस्थाको बाहिर हुनेहरूलाई जितेर ल्याउन सकूँ भनेर व्यवस्थाको बाहिर हुनेहरूका निम्ति म व्यवस्थाको बाहिर भएझैं बनें। तर परमेश्वरको व्यवस्थाबाट म स्वतन्त्र छैनँ, म ख्रीष्टका व्यवस्थाको अधीनमा छु। २२ दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें। २३ सुसमाचारका आशिष्हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु। २४ के तिमीहरूलाई थाहा छैन, दौड़मा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड। २५ खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं। २६ यसकारण लक्ष्य नराखी म दगुर्दिनँ। हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। २७ तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।"

हामी इसाई भनेर दावी गर्छौं तर अलग भएर नबसी हामीले कस्तो तालिम प्राप्त गर्ने जसले गर्दा हामी समाजका सबै वर्गहरूसँग घुलमिल गर्न सकौं र तिनीहरूलाई सुसमाचार सुनाउन दखल हासिल गर्न सकौं?

## २ कष्ट र पिडाको आतर्नाद वा आवाज सुन्ने स्थान (रोमी ८:२२)

रोगीहरूलाई निको पारिहिँड्ने येशू जब यरुशलेम, कपर्नुम र उहाँको समयका अन्य शहरहरूमा हिँडडुल गर्नुभयो तब त्यसबेला अनेक किसिमका बिमारी, अपाङ्ग र उत्पिडित गरिबहरू उहाँको वरिपरि झुमिन्थे। ती दुःखमा परेका मानिसहरू देखेपछि उहाँको हृदय छियाछिया भएको थियो।

सहरमा धेरै थोकहरू हुन्छ-धेरै मानिसहरू, धेरै भवनहरू, धेरै यातायात र धेरै समस्याहरू। त्यसले गर्दा चर्चहरूको निम्ति ठूलो चुनौति सृजना हुनसक्छ।सहरमा रहेका मानिसहरूको महान् आवश्यकताहरूलाई ध्यान नदिइकन केवल सुसमाचार प्रचार गरेरमात्र पुग्दैन। मानिसहरूको क्रन्दन वा पिडाप्रति हामी आँखा चिम्लेर बस्न सक्दैनौं। यदि सुसमाचार त सुनायौं तर तिनीहरूको आवश्यकताप्रति संवेदनशील भएनौं भने हामीहरूले सुनाउने सुसमाचारको अर्थ हुँदैन। यदि हामीले प्रेम, अनुग्रह, करुणा, दया, आशा आदिको बारेमा प्रचार त गर्छौं तर हामीहरूको जीवनले देखाउन सकेनौं भने हामीले जे बोलेतापनि त्यो प्रभावकारी हुँदैन। (येशूभक्तको संस्कारमा ओठे र कोठे प्रवचनले कसैलाई पनि परमेश्वरतिर खिँच्न सक्दैन भनेर महसुस गर्नुपर्छ)। हामीहरूको समाजमा त्यस्ता आवाज दिनेहरू वा सिकाउनेहरू धेरै हुन्छन्।यदि हामीहरूको मन, वचन र कर्मले हामीहरूले गरेको प्रचारसँग तालमेल भएन भने हामीहरू पनि अरूसँग त्यस्ते सन्देश सुनाउन प्रतिस्पर्धा गरिरहेका हुन्छौं भनेर अरूहरूले ठान्नेछन्।

देहायका पदहरूले हामीहरूलाई के सन्देश दिएको छ? हेर्नुहोस्: प्रस्थान २:२३-२५ "२३ धेरै दिन बितेपछि मिश्रका राजा मरे। इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्न लागे। दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा परमेश्वरकहाँ पुग्यो। २४ परमेश्वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। २५ यसैले परमेश्वरले इस्राएलीहरूमाथि नजर राख्नुभयो, र उहाँ तिनीहरूको अवस्थामा चिन्तित हुनुभयो।", प्रस्थान ६:५ "मिश्रीहरूले दासत्वमा राखेका इस्राएलीहरूका कष्टको सुस्केरा मैले सुनेको छु, र मलाई मेरो करारको सम्झना भएको छ।", भजन १२:५ "परमप्रभु भन्नुहुन्छ, "अब म उठ्नेछु, किनकि कमजोरहरू लुटिएका छन्, र दरिद्रहरू सुस्केरा हाल्छन्, र तिनीहरूलाई हानि गर्नेहरूबाट म रक्षा गर्नेछु।"

हामीहरूको संसार दुःखकष्ट र पिडाले भरिएका छन्। पाप र आतङ्कको भारीले गर्दा सुस्केरा हालीरहेका छन्, कराई रहेका छन्। हामी जो भएपनि जहाँ भएतापनि त्यस यथार्थताबाट हामी उम्कन सक्दैनौं।

ती पिडाहरूले गर्दा प्रभावकारी रूपमा सुसमाचार सुनाउन र गवाही दिन अवसर पाउन सक्छौं। तर हामी होशियार पनि हुनुपर्छ। चर्चका सदस्य नहुनेहरूको बारेमा चर्चले के सोच्छन् त्यो पनि सोच्नुपर्ने हुन्छ। के छिमेकीहरूमा चर्च सहयोगी गर्ने खालको र दिने खालको छ? समाजमा भइरहेको विभिन्न सामाजिक क्रियाकलाप र आवश्यकताहरूको सेवासुश्रुषा निरन्तररूपमा गरिरहनु आवश्यक छ भनेर बुझ्नु पनि अत्यन्त जरुरी छ। एउटा सहरमा भएका एडभेन्टिस्ट चर्च वर्षको एक फेरा कुनै विशेष अवसरमा परिवारहरूमा खाना बाँड्ने वा कुनै समाज सेवा गर्न खट्थ्यो।। तर समाजले त्यस चर्च र निरन्तररूपमा सेवा प्रदान गर्न चर्चको बीचमा भएको भिन्नतालाई पहिचान गरिरहेको थियो।

त्यस चर्चले त्यो कुरो बुझ्यो र अब के गर्ने भनेर सोच्न थाले। तब तिनीहरू समाजमा भएको सामुदायीक सेवा गृहमा गए जहाँ दैनिक रूपमा मानिसहरूको सेवा गर्दथ्यो। त्यहाँ खान नपाएकाहरूलाई बिहानको खाना ख्वाउँथ्यो। त्यहाँ सेवा गर्ने मानिसहरू घर चर्चमा जतिको पनि धेरै मानिसहरू थिएन। त्यहाँ केवल पचहत्तर जना स्वयंसेवकहरू थिए जो आफ्नो सहरको वरिपरि भएका मानिसहरूको आवश्यकताको सेवा गर्दथ्यो। त्यो काम महान् थियो। तर ती आवश्यक परेकाहरूको सेवा गर्न मानिसहरू विश्वासिलो हुनुपर्छ र जिम्मेवारी वहन गर्न सक्ने हुनुपर्छ।

आफू रहेको समाजका सबै चर्चले आफ्ना वरिपरि रहेका मानिसहरूको आर्तनाद वा दुःखकष्टका आवाजहरूलाई मत्थर गर्न वा साम्य पार्न प्रयत्न गऱ्यो भने संसारले चर्चप्रति कस्तो मनस्थिति देखाउने होला? सो कल्पना पनि गर्न गाऱ्हो छ।

## ३ सहरमा रोप्ने र कटानी गर्ने (मत्ती १३:३-९,१८-२३) ११४

मत्ती १३:३-९, १८-२३मा येशूले भन्नुभएको प्रख्यात र लोकप्रिय र्ति कथा छ। हामीहरूको समाज र सहरहरूमा सुसमाचार सुनाउने र सेवा गर्ने क्रममा त्यस कथाले हामीलाई के सिकाउँदछ? हेर्नुहोस्: "३ उहाँले तिनीहरूलाई दृष्टान्तमा धेरै कुरा भन्नुभयो। उहाँले भन्नुभयो, "एक जना बीउ

छर्ने बीउ छर्न निस्क्यो। ४ अनि यसरी छर्दा केही बीउ बाटोतिर परे, र चराचुरुङ्गीले आएर ती खाइदिए। ५ केही बीउ ढुङ्गेनी जमिनमा परे, जहाँ धेरै माटो थिएन, र गहिरो माटो नभएकोले ती छिट्टै उम्रे। ६ तर जब घाम लाग्यो ती ओइलाए, र जरा नभएकोले ती सुकिहाले। ७ अरूहरूचाहिँ काँढ़ाहरूका बीचमा परे, तर काँढ़ाहरू बढ़ेर आए र तिनलाई निसासिदिए। ८ अरू बीउ असल जमिनमा परे, र कुनैले सय, कुनैले साठी, कुनैले तीस गुणा फल दिए। ९ जसको कान छ, त्यसले सुनोस्। ...बीउ छर्नेको दृष्टान्त सुन। १९ जब कसैले राज्यको वचन सुन्छ, र सो बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो सो खोसेर लैजान्छ। बाटोतिर छरिएको बीउचाहिँ त्यही हो। २० ढुङ्गेनी जमिनमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्ने बित्तिकै खुशीसाथ झट्टै त्यो स्वीकार गर्दछ। २१ तर त्यसको आफ्नै जरा नभएकोले त्यो थोरै बेर मात्र टिक्छ, र वचनको कारणले कष्ट कि सतावट परिआउने बित्तिकै त्यो पछि हट्छ। २२ काँढ़ाहरूमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्छ, तर यस संसारको फिक्री र धन-सम्पत्तिको छलले वचनलाई बाधा दिन्छ, र त्यो फल नदिने हुन्छ। २३ तर असल जमिनमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्छ, र बुझ्दछ, र साँच्चै फल फलाउँछ। त्यसले छरेको बीउबाट सय गुणा, साठी गुणा र तीस गुणा फसल फलाउँछ।"

**यस अर्तीकथा गाउँघरको परिवेशमा भएको देखाउँछ। तर यसले गाउँ वा किसानबस्तीमा भन्दा पनि सहरमा गरिने सुसमाचार कार्यक्रमको बारेमा बढि जनाऊ दिन्छ। त्यो किनभने सहरमा बिभिन्न किसिममा माटोहरू पाइन्छ। गाउँ वा किसानबस्तीहरूमा भन्दा सहरमा सुसमाचार प्रचार गर्नुपर्दा बढि चुनौति हुन्छ भनेर त्यस कथाले व्याख्या गर्छ।**

**विभिन्न खालका माटाहरूले विभिन्न नतिजाहरू ल्याउँदछन्। त्यसको अर्थ सुसमाचार कार्यक्रम संचालन गर्नुभन्दा पहिले माटोको अवस्थाको अध्ययन गर्नु जरुरी छ भनेर बुझ्नुपर्छ। समाजको माटोको बारेमा अध्ययन गरिसकेपछि सहरमा असल माटो भएको ठाउँ सिमितमात्रामा रहेछ भनेर तपाईंको चर्चले थाहा पाउनेछ। त्यसकारण त्यस असल माटोमा भएका कडा बाटोहरूलाई मलिलो बनाउँदै, बाटोमा भएका पत्थरहरूलाई हटाउँदै र काँडाहरूलाई उखेल्दै आफ्नो कामको निम्ति त्यस क्षेत्रलाई तयार गर्नुपर्छ। यदि सुसमाचारीय कार्यक्रम सफल बनाउने हो भने चर्चले पहिला नै त्यहाँ काम सुरू गर्नुपर्छ। त्यहाँको माटोलाई नरम बनाउनुपर्छ। सुसमाचारीय कार्यक्रमको अभियानलाई सफल पार्न चर्चले ती**

क्रियाकलापहरूको थालनी गर्नुपर्छ जसले गर्दा चर्चले लगानी गरेको प्रयास खेर नजाओस्।

१ कोरन्थी १२, रोमी १२ र एफिसी ४मा बाइबलले आत्मिक बरदान वा क्षमताको बारेमा सिकाउँदछन्। धेरै किसिमका बरदान वा दक्षताहरू विश्वासीहरूमा हुन्छन् तर ती एउटै लक्ष्यको निम्ति उपयोग गरे फलिफाप हुन्छ भनेर बताइएको छ। विभिन्न किसिमको माटो भनेर अर्तीकथामा उल्लेख गरेको अर्थ सहरका माटोको अवस्था विभिन्न थरिका हुन्छन् र त्यहाँ बिऊ छर्न विभिन्न वरदान वा दक्षता भएका मानिसहरूको आवश्यकता हुन्छ भनेर देखाउँदछ। सुसमाचारीय कार्यक्रममा सबै खालका मानिसहरूलाई समावेश गर्नु आवश्यकता हुन्छ। एलेन जी ह्वाइटले उल्लेख गर्दछिन्, "परमेश्वरको कामको निम्ति विभिन्न बरदान वा दक्षताहरू भएको मानिसहरूलाई प्रयोग गर्नुपर्छ। नयाँ नयाँ तरिकाहरू अपनाउनै पर्छ। परमेश्वरका जनहरू जिएको समयको आवश्यकतालाई ख्याल गर्न तिनीहरू बिउँझिनै पर्छ।"-इभान्जलिजम, पृ. ७०बाट रूपान्तरित। भविष्यवाणी गर्ने बरदानबाट एलेन जी ह्वाइटले यो महसुस गर्नुभयो कि सहरमा सफल सुसमाचारिय कार्यक्रम हुनु अत्यन्त आवश्यक छ। झन आजको आवश्यकता भनेको सहरमा भएका बिभिन्न थरिका मानिसहरूकहाँ पुग्न बिभिन्न तरिकाहरू र उपायहरू प्रयोग गर्नु हो। आकलझुकल सानो कार्यक्रम र एउटा ठूलो आयोजनाले सुसमाचारको काम सफल हुन्छ भन्ने छैन। ठुलो सहरको प्रणालीमा त्यस्ता आकलझुकल कार्यक्रमहरू केही हप्तामा नै निलिदिएको हुन्छ। सुसमाचार सुनाउँदा आउने नतिजा कमै हुन्छ। त्यसकारण सुसमाचार कार्यक्रम संचालन गर्नुभन्दा पहिले पूर्वाधार तयार गर्नुपर्छ।

कस्तो खालका मानिसहरूलाई तपाईंले सुसमाचार सुनाउँदै हुनुहुन्छ सो सोच्नुहोस्। तिनीहरूको माटो कस्तो खालको छ? त्यसलाई नरम पार्न तपाईंले के गर्न सक्नुहुन्छ?

## ४ व्यक्तिगत काम भनेर सोच्नु (यूहन्ना १५:१२,१३)

यदि हामीले गम्भिररूपमा सुसमाचारको काम गर्नु छ भने के गर्ने जरुरी छ भनेर देहायका पदहरूले एउटै आवाजमा हामीहरूलाई भनिरहेको छ? हेर्नुहोस्: "यूहन्ना १५:१२, १३ "१२ मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। १३ आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू

कसैको हुँदैन।", याकूब १:२७ "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।" र गलाती ६:२ "एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर।"

सहरमा हुने धेरै जनसंख्याको कारणले विश्वास भनेको व्यक्तिगत भन्ने धारण विर्सन सजिलो छ। सहरमा होस् वा जहाँसुकै होस् कुनै पनि मानिसलाई सुसमाचार सुनाउनुको उद्देष्य नै त्यस व्यक्तिले ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध राखोस् भनेर सहयोग गर्नको निम्ति हो। धेरै मानिसहरू सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा समाबेश हुनुको कारण नै सेभेन्थ-डे एडभेन्टिस्टको मित्रताको कारणले भएको थियो भनेर खोज अनुसुन्धानले देखाएको थियो। प्रभुको निम्ति साथी बनाउनुको अर्थ नै आफ्नो स्वार्थलाई त्याग गर्न सक्नुपर्छ र अरूको हितको निम्ति आफूलाई समावेश गर्नुपर्छ। जब नयाँ विश्वासीहरू चर्चको सदस्यहरूसँग बलियो साथी बनाउँछ तब हृदयको जमिनलाई खनजोत गर्नुपर्छ, परमेश्वरको वचनको बिऊ रोप्नु पर्छ, भर्खर उम्रेको बिरुवारूपी विश्वासीहरूको हेरचाह गर्नुपर्छ र पछि कटानी वा परमेश्वरमा समर्पित जीवन यापन गर्न निधो गर्ने समयसम्म पुऱ्याउनुपर्छ। मानिसहरूसँग कसरी साथी बनाउने भन्ने कला हामीले सिक्नुपर्छ। तिनीहरूको कुरा सुन्न र तिनीहरूलाई माया गर्न हामीले जान्नुपर्छ। यदि कुनै पनि सुसमाचार प्रचार गर्ने काममा त्यो महत्त्वपूर्ण छ भने सहरको परिप्रेक्ष्यमा झन महत्त्वपूर्ण हुन्छ। ठूला ठुला सहरहरूमा मानिसहरूले कसैले कसैलाई वास्ता गर्दैनन् भन्ने मनिस्थितिले पिरोलेको हुन्छ र आफूहरू हराइएका हौं भनेर स्वीकार गरेर निराशाको छायाँमा परिरहेका हुन्छन्।

ठूलो सहरमा सुसमाचारिय कार्यक्रम सानो सानो समूह बनाएर घरेलु चर्चबाट सुरू गर्न सकिन्छ। त्यसको ज्वलन्त उदाहरण नयाँ करारमा दिइएको छ (प्रेरित २:४६)। ठूलो चर्चका विश्वासीहरूबाट सानो सानो समूह पनि खडा गरेर सुसमाचारिय कार्यक्रम गरेर नयाँ विश्वासीहरूलाई भित्राउन सकिन्छ। कुनै सहरमा स्थानीय चर्च नहोला वा दुई वा तिन जनामात्र भएपनि सेभेन्थ-डे एडभेन्टिस्टहरू होला त्यहाँ कुनै न कुनै खालको सानो समूह भएर सङ्गति गर्नुपर्छ जसले गर्दा आफूहरू रहेको समाजमा एडभेन्टिस्टहरूको उपस्थितिको आभास् दिन सकोस्।

सहरमा सुसमाचार सुनाउने अभ्यासको निम्ति त्यो तरिका धेरै कारणहरूले महत्त्वपूर्ण छ। सानो होस् वा ठूलो सहर होस्, त्यसमा विभिन्न

सांस्कृतिक र भौगोलिक भाषाका समूहहरू, धेरै धनी, मध्यमवर्ग र कम आय भएका मानिसहरू सयौं मात्रामा हुन्छन्। ती समूहहरूको बीचमा कुनै न कुनै मात्रामा सानोतिनो भएपनि चर्चको कार्यक्रम गरिनै रहनुपर्छ नत्र भने ख्रीष्टको लक्ष्य पूरा हुन सक्दैन।

ठूला ठूला सहरहरूमा येशूको अनुयायी भएर चल्नु मुश्किल भएकोले नै साना साना सुसमाचारिय वा सतसङ्ग टोलीहरू गठन गर्नु जरुरी छ। विभिन्न आस्था र धर्महरूका मानिसहरूसँग रहनसहन गर्नुपरेकोले विश्वासीहरूलाई धेरै दवाव, प्रलोभन र चुनौतिहरू आइपरेका हुन्छन्। कतिपय विश्वासीहरू दवावलाई सहन नसकेर चर्च नै छोड्दछन्। अरू विश्वासीहरू परमेश्वरको आवाज सुन्न नचाहेर मनलाई साऱ्हो पारेका हुन्छन्। आआफ्नो भावनाहरूलाई सुरक्षित राख्न चाहँदा आफ्नो वरिपरि रहेका मानिसहरूलाई चाहिने येशूको माया देखाउने आवश्यकताप्रति विश्वासीहरू संवदेनशील नहुन सक्छ।

## ५ सहरहरूमा सुसमाचार कार्यक्रम लिएर प्रवेश गर्नु (२ पत्रुस ३:९)

विभिन्न क्षेत्रहरूमा गएर सुसमाचार प्रचार गर्नु र येशूको निम्ति सेवा गर्न खट्नु सजिलो छ भनेर कसैले पनि स्वीकारेको छैन। यथार्थमा भन्ने हो भने कसैलाई येशूको बारेमा सुनाएर उहाँतिर मन फर्काउने काम गाऱ्हो छ। सम्पूर्ण मानव जात पतित भएका छन्, पापी छन् र पापको स्वभावमा भिजिरहेको हुनाले भौतिकवादलाई उछिनेर आध्यात्मिकबादमा रहन ऊ चाहन्दैन। पावलले स्पष्ट रूपमा त्यसबारे यसरी खुलासा गर्दछन्: "हामीलाई थाहा छ परमेश्वरको व्यवस्था (दश आज्ञाहरू) पवित्र छ तर मचाहीं पवित्र छैन। म पापको दासत्वमा बेचिएको छु।" (रोमी ७:१४ रूपान्तरित)। यहूदी धर्ममा भिजेर धर्मगुरू भइसकेका पावल येशूलाई ग्रहण गरेपछि पनि उनले त्यस्तो अभिव्यक्ति निकाल्छ भने प्रभुलाई नजान्ने र जीवन परिवर्तन हुने अनुभव कहिलै पनि नपाएकाहरूको बारेमा के भन्ने?

सहरमा मानिसहरूलाई पार्ने खराब र भयानक प्रभावहरूले हामीहरूको पापी स्वभाव कस्तो छ भनेर छर्लङ्ग देखाइरहेको छ। मानिसहरू अनेकन् आकर्षणले प्रलोभनमा फस्छन् र मानिसहरूको अजातशत्रु सैतानले तिनीहरूलाई आफ्नो धरापमा पारिरहेको हुन्छ। तिनीहरूलाई उसले भौतिक र पापको साङ्लोले बाँधिराखेको हुन्छ। त्यसैले गर्दा सहरहरूमा सुसमाचार प्रचार गर्न सजिलो छैन भन्दा कोही पनि छक्क पर्नु आवश्यक छैन। तर सुसमाचार प्रचार

गर्ने काम गर्न नितान्त आवश्यक छ। हामी चर्च भएको हैशियतले गाउँमा मात्र होइन सहरमा पनि सुसमाचार प्रचार गर्न कतिवद्ध हुनुपर्छ।

सर्वत्ररूपमा सुसमाचार फैलाउनपर्ने जरुरीको बारेमा देहायका पदहरूले के भन्छन्? हेर्नुहोस्: २ पत्रुस ३:९ "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।" र १ तिमोथी २:४,५ "४ सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। ५ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ जो ख्रीष्ट येशू।"

परमेश्वरको वचन बाइबलको अनुसार ख्रीष्टको मृत्यु कुनै स्थानीय जाति वा कुनै देशको निम्ति नभएर सारा जगतको निम्ति हो। आदम र हव्वादेखि लिएर संसारको अन्त सम्म रहने समस्त मानव प्राणीको निम्ति येशू मर्नुभएको थियो। त्यसमा यस संसारका ठूला ठूला भव्य सहरहरूमा रहने अनगिन्ति हुलकाहुल मानिसहरू पनि समावेश भएका छन्। हाम्रो निम्ति महत्त्वपूर्ण र हामीहरूको प्रिय महान् सत्यहरू तिनीहरूले पनि सुन्न आवश्यक छ।

"विगत समयमा परमेश्वरले दिनुभएको सन्देशमा केही पनि परिवर्तन आएको छैन। सहरहरूमा सुसमाचार सुनाउनु वर्तमान समयमा अत्यन्त जरुरी छ। यदि सहरहरूमा परमेश्वरको चाहना अनुसार काम गरियो भने त्यसको परिणामबाट प्रभावकारी आन्दोलन सुरू हुन्छ जुन् पहिला कहिलै पनि र कसैले पनि देखेका थिएन।"-एलेन जी ह्वाइट, मेडिकल मिनिस्त्री, पृ. ३०४बाट रूपान्तरित।

यो पनि हामीले मान्नुपर्छ कि सहरहरूमा सुसमाचार सुनाउने चाहना कसैको खटनमा नभएर व्यक्तिगत चाहना अनुसार हुनुपर्छ। हामी आफैले पनि ख्रीष्टसँग गाढा सम्बन्ध भएको अनुभव गर्नपर्छ। येशूलाई नचिन्नेहरूको बीचमा हामी सहजकर्ता भएर पनि काम गर्नुपर्छ। सहरहरूमा काम गर्न योजना बनाउन र त्यसको संचालन गर्न हामीलाई आह्वान गरिएको छ। तर सहरहरूमा सुसमाचार प्रचार गर्ने आह्वानको आधारचाहीँ पूर्णरूपमा आत्मिक पुनर्जागरण र जीवनशैलीमा सुधारमा हुनुपर्छ। र यो काम पवित्र आत्माको शक्तिद्वारामात्र सम्पन्न गर्न सकिन्छ।

यदि हामीहरू ख्रीष्टका अनुयायीहरू हौं भनेर दावी गर्छौं भने हामीहरू सबैको निम्ति रोमी १०:१३-१५मा एक महत्त्वपूर्ण निति सोझाइदिएको छ। हामी जहाँ भएतापनि ख्रीष्टको बारेमा सुसमाचार प्रचार गर्न र उहाँको निम्ति सेवा गर्न त्यस नितिले कसरी हामीलाई जिम्मेवारी बोकाइदिएको छ? हेर्नुहोस्: "१३ प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ। १४ तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने?१५ र कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर!"

## उपसंहार:

**एक जना सहरमा सुसमाचारिय काम गर्ने सेभेन्थ-डे एडभेन्टिस्ट विशेषज्ञले सहरमा सुसमाचार प्रचार गर्नुपर्ने एलेन जी ह्वाइटका धारणाहरूको बारेमा अध्ययन गरिन्। मानिसहरू सहरमा बसोबास गर्ने र सहरबाट बाहिरने क्रममा तिनीहरूलाई एलेन जी ह्वाइटको कस्तो सल्लाह रहेछ भनेर अध्ययन गरेकी थिइन्। त्यस विषयमा एलेन जी ह्वाइटले लिखित १०७वटा लेखहरू भेट्टाइन्। त्यसमा २४वटा लेखहरूमा सहरबाट बाहिरिनुपर्छ र त्यहाँ सुसमाचार प्रचारको कार्यक्रमहरू गर्नुपर्छ भनेर एलेन जी ह्वाइटले भन्नुभएको रहेछ। तर ७५वटा लेखहरूमा चाहीं विश्वासीहरू सहरमा नै बसोबास गरेर सहरका बासिन्दाहरूलाई सुसमाचार प्रचार गर्ने कार्यक्रम गर्नुपर्छ भनेर निर्देशन उनले दिएकी रहिछन्। अरू आठवटा लेखहरूचाहीं मध्यम धारणाहरू थिए। एक जना चर्चको इतिहासकारले सहरमा सुसमाचार प्रचार गर्नुपर्ने एलेन जी ह्वाइटको सरसल्लाहरूलाई संक्षेप्तमा उतारेका थिए। जब स्थानीय चर्चले सुसमाचारको कार्यक्रम गर्दछ भने सहरभित्रै रहेर गर्नुपर्छ भनेर एलेन जी ह्वाइटले समर्थन जनाएकी थिइन्।**

सहरहरूमा सुसमाचार प्रचार गर्ने तपाईंको चर्चको के योजना छ? तपाईंको स्थानीय चर्च कहाँ रहेको छ? तपाईंको चर्च ठूलो सहरको कति नजिक छ? सहरमा सुसमाचार प्रचार गर्ने जिम्मेवारी चर्चको होइन भनेर कुनै पनि चर्चले सोच्नुहुन्न। यस सहरमा सुसमाचार पुऱ्याउने अत्यन्त महत्त्वपूर्ण लक्ष्य हासिल गर्न प्रत्येक एडभेन्टिस्ट चर्चले कुनै न कुनै रूपमा सहयोग गर्नु आवश्यक छ।

**सहरहरूलाई वेवास्ता गरेर सजिलो भएको ठाउँमा मात्र सुसमाचार प्रचार गर्ने प्रवृत्तिले येशूको लक्ष्य पूरा गर्न हामी बफादार नभएको प्रमाणित गर्दछ।**

**"वर्तमान समयसापेक्षित सत्यलाई थाहा पाउने परिवारहरूले सहरहरूमा किन बसोबास गर्दैनन्?...चर्चको तलब नखाने वा सर्वसाधारण विश्वासीहरू सहरूहरूमा सर्नेछन् ताकि तिनीहरूलाई परमेश्वरले दिनुभएको आत्मज्ञानको ज्योति अरूहरूमा चम्काउन सकुन्।"-एलेन जी ह्वाइट,** *एडभेन्टिस्ट एण्ड सब्बथ हेराल्ड,* **सेप्टेम्बर २९, १८९१बाट रूपान्तरित।**

**चिन्तनमननः**

अ हामीलाई दिएको अचम्मको सन्देशको बारेमा सोचौं। हामीमाभएको आशाको बारेमा, अहिले नै सुस्वास्थ जीवन र अनन्तको महान् आशाको बारेमा सोचौं। येशूमा हामीले पाएको आशाको बारेमा तपाईंको बाइबलका मनपर्ने पदहरू कुनु कुनु हुन्? ती पदहरू तपाईंको निम्ति किन अर्थपूर्ण छन्?

आ आशारहित जीवनको बारेमा सोच्नुहोस्। भविष्यको उज्ज्वल आशा बिना तपाईंको जीवनको अर्थ के छ? तपाईं संघर्ष गर्नुहुन्छ, सबै दुःख शंकष्टहरू सामना गर्नुहुन्छ, तपाईं काममा लगनशील हुनुहुन्छ, तर तपाईं मर्नुहुन्छ केवल खरानी बन्न वा चिहानमा कुहेर बस्नको लागि मात्र? सहरमा बस्ने धेरै जसो मानिसहरूको सोचबिचार त्यही होइन र? हामीहरूले पाएको अनन्त जीवनको स्वाद अरू मानिसहरूले पनि चाख्न सकुन् भनेर तिनीहरूप्रति माया देखाउँदै तिनीहरूकहाँ तिनीहरू जहाँ भएतापनि त्यस सुसमाचारको सन्देश सुनाउन हामीले कसरी र कहिले सिक्ने?